Press Release - 16 March 2006

# राज्यद्वारा बेपत्ता पारिएका नागरिकका परिवार समाजद्वारा गरिएको 'रिले अनसन' बारे ओएचसीएचआर-नेपालद्वारा जारी

## प्रेस विज्ञप्ति

फागुन २ गते बुधवार नेपालस्थित संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तका सदस्यहरूले राज्यद्वारा बेपत्ता पारिएका परिवार संघका प्रतिनिधिहरूसँग भेट गऱ्यो । संघले बेपत्ता पारिएका आफन्तजनहरूसम्बन्धी सामग्रीका साथै एक अपिलपत्रसमेत हाम्रो कार्यालयलाई हस्तान्तरण गरेको थियो। जेनेभास्थित राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तको कार्यालयमा हामीले सो सन्देश पुऱ्याउने कार्यारम्भ गरिसकेका छौं । सोही दिन केही समयपछि, बेपत्ता पारिएका नागरिकका परिवार समाजबाट एक समूहको समेत कार्यालयमा उपस्थिती रहेको थियो । उहाँहरूले उच्चायुक्तको कार्यालय परिसरमा 'रिले अनसन' बस्ने जानकारी कार्यालयका कर्मचारीहरूलाई दिनुभएको थियो । समाजले आफ्ना कामकारवाही उच्चायुक्तको कार्यालयविरुद्ध नभएको भनी सुनिश्चित गराएको छ ।

बेपत्ता पारिएकाहरूका स्थितीबारे सूचना र न्याय प्राप्तिका निम्ति बेपत्ता पारिएका नागरिकका परिवारसँग सहकार्य गर्न नेपालस्थित मानवअधिकार उच्चायुक्तको कार्यालय प्रतिबद्ध छ । मानवअधिकारसम्बन्धी उच्चायुक्तको हालै जारी प्रतिवेदनमा पनि यस सवाललाई राज्यले संवोधन गर्नु बाँकी रहेको एक अत्यन्त गम्भीर मानवअधिकारसम्बन्धी विषयका रुपमा उठाइएको छ ।

उच्चायुक्तको नेपाल कार्यालयले बेपत्ता पारिएका नागरिकका परिवार समाजका सदस्यहरूलाई कार्यालय परिसरभित्र भोक हडताल कार्यक्रम अन्त्य गर्न आग्रह गरेको छ । तथापि, कार्यालय परिसरमा गरिने यस खालका प्रदर्शनहरूलाई हामी स्वीकार गर्न वा सहजीकरण गर्न नसकेपनि बेपत्ता पारिएका आफन्तबारे सूचना र न्याय प्राप्तिका निम्ति उनीहरूको संघर्षमा समाजसँग हामी निरन्तर काम गरिरहनेछौं ।

Museum Road, Chhauni, Kathmandu, Nepal, P.O. Box 24555, registry.ohchr@undp.org - Tel. +977 1 4280164, Fax: +977 1 4670712, 4670713